# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १२/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः २०७८/११/१२

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत, सचिव | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

*बैठक संख्या १३/०७८/०७९* अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक *मिति २०७८/११/१३*

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/११/१३ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

(१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

(२) अर्जुनधारा नगरपालिकामा रहेका अव्यवस्थित बसोवासीहरुको लगत संकलन सम्बन्धि कार्य सम्पन्न गरी हाल विवरण प्रविष्टीको चरणमा रहेकोमा यसरी संकलित तथ्याङ्क बमोजिम स्थलगत रुपमा जग्गा नाँपजाँच गर्नका लागि आधुनिक प्रविधिको प्रयोग गर्नु आवश्यक रहेकाले सोको लागि Digital Global Positioning System अनुसार जग्गाको वस्तुस्थिति निर्धारण गर्ने कार्यका लागि यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत भूमिहीन सुकुम्वासीको लगत संकलन सम्बन्धि कार्यका लागि विनियोजित बजेट मध्येबाट रु ४ लाख बजेट व्यवस्था गरी सो कार्य अघि बढाउने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको नयाँ बसपार्क प्रवेश गर्ने कालोपत्रे सडक भत्किई मर्मत गर्नुपर्ने अवस्थामा रहेकोमा स्थानीय उपभोक्ताहरुबाट सडक कालोपत्रे गर्नका लागि बजेट माग भई आएको र दैनिक सयौं सवारीसाधनहरु आवातजावत गर्ने उक्त व्यस्त कालोपत्रे सडक मर्मत गर्नु आवश्यक रहेकाले यस नगरपालिको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत समपूरक कोषमा विनियोजित बजेट मध्येबाट रु १२,२०,०००/- (बाह्र लाख बिस हजार मात्र ) बजेट व्यवस्था गर्ने कार्यालयको निर्णय समर्थन गरियो ।

(४) यस अर्जुनधारा नगरपालिकाबाट प्रस्तावित औद्योगिक ग्राम ( अर्जुनधारा नगरपालिका वडा नं २, टाङटिङ नदि किनार) जाने सडकमा पुल कल्भर्ट निर्माण गर्नका लागि यस नगर कार्यपालिकाको मिति २०७८/०७/३० गतेको नगर कार्यपालिकाको बैठकबाट रु ५० लाख बजेट विनियोजन भएकोमा सो बजेट तथा सोही औद्योगिक ग्रामको लागि टहरा निर्माणका विनियोजित बजेट रु ९ लाख समेत समावेश गरी कुल ५९ लाख बजेट कायम गरी उक्त बजेटबाट उक्त स्थानमा पुल कल्भर्ट तथा फेन्सिङ वाल निर्माण गर्ने सोका लागि यथासक्य चाँडो ठेक्का बन्दोवस्त हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(५) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरणका लागि विनियोजित बजेट रु ५ लाख कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल आदिवासी जनजाति नगर समन्वय परिषदबाट प्राप्त प्रस्ताव बमोजिम परिषद् मार्फत नै सञ्चालन गर्ने निर्णय गरियो ।साथै, चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत दलित समुदायलाई रोजगार प्रदान गरी आत्मनिर्भर बनाउन अटो रिक्सा खरिदका लागि अनुदान प्रति एक जनालाई पचास हजारका दरले विनियोजित रकमबाट दलित वर्गको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

(६) यस अर्जुनधारा नगरपालिकाबाट निर्माण भएका वडा कार्यालय,स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधार निर्माणका लागि निःशुल्क रुपमा जग्गादान गर्नुहुने जग्गादाताहरुलाई सम्मान गर्न तथा यस नगरपालिकामा जनप्रतिनिधि निर्वाचित भएर आइसके पछि भएका विकास निर्माणको समिक्षात्मक प्रस्तुतिका लागि निम्न बमोजिम समय तालिका अनुसार प्रत्येक वडामा कार्यक्रम सञ्चालन गर्ने र मिति २०७८/११/३० गते नगर कार्यपालिकाको प्राङ्गणमा जग्गादाताको शालिक निर्माण गरी अनावरण, नगरपालिकाको ५ वर्षे प्रगति विवरण तथा नगर कानून संग्रह विमोचन गर्ने कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै, वडा/ वडामा सञ्चालन हुने कार्यक्रममा यस नगरपालिका क्षेत्र भित्रबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीय सांसद, पूर्व मन्त्री, पूर्व सांसदहरुलाई आतिथ्यताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

| वडा | मिति | प्रमुख अतिथी | पद |
|---|---|---|---|
| १ | २०७८/११/१३ | मा.वीरमणी ढकाल | पूर्व वनराज्यमन्त्री |
| २ | २०७८/११/१५ | मा. भक्त खपाङ्गी | संविधान सभा सदस्य |
| ३ | २०७८/११/१६ | मा वृख प्रधान | प्रदेश सभा सदस्य |
| ४ | २०७८/११/१८ | मा. पवित्रा निरौला खरेल | प्रतिनिधि सभा सदस्य |
| ५ | २०७८/११/१९ | मा. शेरबहादुर इङ्गनाम | पूर्व सांसद |
| ६ | २०७८/११/२० | मा. अग्नी खरेल | पूर्व मन्त्री, |
| ७ | २०७८/११/२३ | मा. केदारमणी ढकाल | पूर्व सांसद |
| ८ | २०७८/११/२९ | मा. केशवकुमार बुढाथोकी | पूर्व मन्त्री, |
| ९ | २०७८/११/२६ | मा. प्रेम गिरी | संविधान सभा सदस्य |
| १० | २०७८/११/२७ | मा. धर्मशिला चापागाईं | प्रतिनिधि सभा सदस्य |
| ११ | २०७८/११/२८ | मा. देवराज घिमिरे | पूर्व सांसद |

(७) यस अर्जुनधारा नगरपालिकाका महिला जनप्रतिनिधिहरुको १ नं प्रदेशका विभिन्न स्थानीय तहहरुको ३ दिने अध्ययन अवलोकन भ्रमण गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(८) यस नगरपालिकामा विभिन्न प्रजातिका विजवृद्धि कार्यक्रम सञ्चालनका लागि विशेषज्ञको परामर्श सेवा लिनु आवश्यक रहेकाले विजवृद्धि कार्यक्रम सञ्चालनका लागि २०७९ आषाढ मसान्तसम्मका लागि १ जना सम्बन्धित विषयविज्ञको परामर्श सेवा लिने निर्णय गरियो ।

(९) अर्जुनधारा नगरपालिकाको वैदेशिक रोजगार तथा पुनःएकिकरण नीति, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

(१०) नगर कार्यपालिकाको कार्यालयबाट पेश भएका निम्न बमोजिमका कार्यविधिहरु स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

क. विपन्न नागरिक सहायता कोष सञ्चालन कार्यविधि, २०७८

ख. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

(११) अर्जुनधारा नगरपालिका वडा नं ७ मा रहेको अर्जुनधारा कृषि फर्मले पोखरी सफा गरी सोबाट उत्सर्जन हुने नदीजन्य पदार्थ व्यवस्थापनका लागि निवेदन पेश गर्नु भएकोमा सो सम्बन्धमा प्राविधिक खटाई स्थलगत जाँचबुझ गर्न खटाउने र सो प्रतिवेदन प्राप्त भएपश्चात आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

(१२) चालु आर्थिक वर्ष २०७८/०७९ का लागि कृषि सुचिकरणका लागि प्राप्त बजेट बमोजिम हालका लागि यस अर्जुनधारा नगरपालिकाको वडा नं १ बाट उक्त कार्यक्रम सुरुवात गर्ने निर्णय गरियो ।

(१३) अर्जुनधारा नगरपालिका वडा नं १ स्थित सानो नेते खोलामा नदीजन्य पदार्थ उत्खननका सम्बन्धमा छलफलका क्रममा विवाद हुँदा स्थानीय व्यक्तिको सांघातिक आक्रमणमा परी घाइते हुनु भएका वडा नं १ का अध्यक्ष श्री गजाधर खतिवडाको अस्पतालमा उपचारका लागि खर्च भएको रकम मध्ये स्वास्थोपचार सहयोग बापत रु १ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(१४) अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको स्वास्थ्य चौकी खुदुनाबारी तथा अर्जुनधारा नगरपालिका वडा नं ५ मा रहेको शहरी स्वास्थ्य केन्द्रको ल्याब सञ्चालनका लागि हाल कार्यरत जनशक्तिहरुको दैनिक ज्यालादारीका हिसाबले दैनिक ज्याला भुक्तानी गर्ने निर्णय गरियो ।

(१५) राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वय इकाई सलकपुर मोरङ्गको मिति २०७८/११/०३ को पत्रबाट आगामी आर्थिक वर्षको योजना तर्जुमाका लागि कार्यक्रम माग भई आएकोमा यस नगरपालिकाबाट निम्न बमोजिमका योजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।साथै, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट यस पालिकाको कार्यक्षेत्रमा कार्यान्वयन गर्ने गरी चुरे संरक्षण कार्यक्रममा समावेश गर्नुपर्ने कार्यक्रमहरु माग गरेकोमा यस कार्यक्रम सञ्चलान भएका वडा हरुले फागुन २५ गते भित्र त्यस किसिमका कार्यक्रमहरु पहिचान गरी सिफारिस गर्ने र प्राप्त सिफारिस बमोजिक एकिकृत प्रस्ताव तयार गरी नगर कार्यपालिकाको कार्यालयबाट पठाउने निर्णय गरियो ।

| सि.नं | आयोजना | वडा नं |
|---|---|---|
| १ | चौरासे गाउँ टाङटिङ खोला पश्चिम किनार तटबन्धन,३०० मिटर | २ |
| २ | दखल बस्ती सानो नेते खोला हलुवागढ वन क्षेत्र पश्चिम किनार तटबन्धन,१०० मिटर | १ |
| ३ | बाँगेडागी गाउँ टाङटिङ पूर्व २०० मिटर तटबन्धन | ४ |
| ४ | दहिझोडा सुकुम्वासी बस्ती टाङटिङ नदी पश्चिम २०० मिटर तटबन्धन | ४ |
| ५ | रातेखाल झोलुङ्गे पुल पूर्व टाङटिङ नदि किनारमा रहेको वृक्षारोपण संरक्षणका लागि ३०० मिटर संरक्षण | ४ |
| ६ | टाङटिङ खोला पुलबाट दक्षिण पश्चिम किनारा ३ हेक्टर रिचार्ज पोखरी निर्माणका साथै २०० मिटर तटबन्धन | ३ |
| ७ | फाल्गुनन्द सिमसार कैदले पोखरी ड्रेन निर्माण | ३ |
| ८ | ठूलो नेते खोलाको पिडारी चौरी उत्तर तटबन्धन | १ |
| ९ | सिंहवाहिनी खानेपानी मुहान संरक्षण गोयाङ खोला | २ |

(१६) अर्जुनधारा नगरपालिकाका विभिन्न आयोजना तथा कार्यक्रमका लागि बजेट माग भई कार्यालयमा प्राप्त निवेदनहरुका सम्बन्धमा स्थलगत रुपमा अनुगमन हुँदा बजेट व्यवस्था हुन आवश्यक भएका निम्न बमोजिम आयोजनाहरुमा निम्न बमोजिम श्रोतबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो । साथै,यस नगरपालिकाको नगर सभाको दशौं नगर सभाबाट थप भएका तथा चालु आर्थिक वर्षको संशोधित

कार्यक्रम बमोजिम संशोधन भएका कार्यक्रमहरु तथा निम्न बमोजिमका योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना सञ्चालन गर्नका लागि आगामी २०७८ फागुन २२ गतेभित्र सम्बन्धित वडा कार्यालयले उपभोक्ता समिति गठन गरी योजना सम्झौताका लागि सिफारिस गर्ने निर्णय गरियो ।

साथै, गत आर्थिक वर्ष नै बजेट विनियोजन भई कार्यान्वय भएका तथा निरन्तरतामा रही चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सम्पन्न अवधि २०७८ कार्तिक मसान्तसम्म रहेकोमा हालसम्म पनि सम्पन्न हुन नसकेका योजनाहरुका लागि २०७८ चैत्र मसान्त भित्र सम्पन्न गर्नका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं | कार्यक्रम/योजना | रकम (रु) | श्रोत |
|---|---|---|---|
| १ | दृष्टिविहिन श्री सुजाता लिम्बु का लागि ल्यापटप खरिद सहयोग, वडा नं २ | ५० हजार | सामाजिक सेवा अनुदान |
| २ | सिंहदेवी माध्यमिक विद्यालय, अर्जुनधारा-१ रंगरोगन | ४ लाख | समपूरक कोष |
| ३ | मदन आश्रित शालिक घेराबारा थप,वडा नं ११ | १ लाख | समपूरक कोष |
| ४ | खुदुनाबारी अर्जुनधारा खानेपानी मुहान मर्मत, अर्जुनधारा १ | ५ लाख | स्वच्छ खानेपानी |
| ५ | कल्चुडे खोल्सीमा कल्भर्ट निर्माण, वडा नं १ | ल.ई.बमोजिम | समपूरक कोष |
| ६ | जुकेखाडी सामुदायिक वन उ स पश्चिम ठाडो बाटो स्तरोन्नति, वडा नं ३ | २ लाख | समपूरक कोष |
| ७ | धर्मकाली कृषि फर्म सिँचाई मोटर जडान, अर्जुनधारा-१ | ७५ हजार | समपूरक कोष |
| ८ | आदर्श कृषि फर्म वडा नं ४ कृषि सामाग्री अनुदान | १ लाख ५० हजार | साना फर्म मेसिनरी |
| ९ | शान्ती मार्ग स्तरोन्तति तथा सडक बत्ती जडान, वडा नं ११ | ३ लाख | अनुगमनमा आधारित |
| १० | राजपैनी मर्मत, वडा नं ४ | १ लाख | समपूरक कोष |
| ११ | चौरासे अरुण रानाको घर पूर्व तटबन्धन | ३ लाख | समपूरक कोष |
| १२ | वडा नं २ बेल्टार सामुदायिक भवन | ३ लाख | समपूरक कोष |
| १३ | पशुपति टोल देवी मैनालीको घरपूर्व जाने बाटो प्लम्ब निर्माण | २ लाख | समपूरक कोष |
| १४ | साधुटारको मितेरी पैनी मर्मत, वडा नं १ | २ लाख ५० हजार | समपूरक कोष |
| १५ | मदन बास्कोटोको घर छेउ इनार निर्माण, वडा नं ३ | १ लाख | स्वच्छ खानेपानी |
| १६ | वडा नं ३ मा ट्युबवेल जडान | १ लाख | स्वच्छ खानेपानी |
| १७ | भुवनेश्वर शिवालय आनन्द धाम सञ्चालन खर्च अनुदान, वडा नं ९ | ५० हजार | सा.से. अनुदान |
| १८ | झापा गोल्डकप प्रायोजन | १ लाख ५० हजार | खेलकुद विकास |
| १९ | शिवालय मन्दिर सालबाडी अनुदान,वडा नं ११ | २५ हजार | सा.से.अनुदान |

| | | | |
|---|---|---|---|
| २० | पञ्चकन्या मन्दिर घेराबारा,वडा नं १० | १ लाख | सा.से.अनुदान |
| २१ | चिल्ड्रेन पार्क (डिएमसी) बत्ति जडान | १ लाख | समपूरक कोष |
| २२ | कटहरे खोल्सी वडा नं ३ मा मुहान मर्मत | ३ लाख | स्वच्छ खानेपानी |
| २३ | टेकबहादुर मगर र वृखबहादुर मगरको आवाश निर्माण | २ लाख | समपुरक |
| २४ | भोर्लेनी खोल्सी नदी नियन्त्रण | ५ लाख | अनुगमनमा आधारित |
| २५ | वडा नं ३ को खेलकुद विकास समितिलाई खेल सामाग्री खरिद | ५० हजार | खेलकुद/युवा |
| २६ | थारु सामुदायिक भवन वडा नं ११ शौचालय निर्माण | २ लाख | प्रस्तावनामा आधारित |
| २७ | नगरपालिका आउने बाटोमा रहेको ट्रान्सफर्मर स्थानान्तरण | १ लाख | विपद व्यवस्थापन |
| २८ | लाप्चेटार माथिल्लो खानेपानी मुहान मर्मत | ५ लाख | स्वच्छ खानेपानी |
| २९ | हरि अधिकारीको घरबाट पश्चिम बाँस रोपण जाने बाटो र कुमार उप्रेतीको घर जाने बाटो स्तरोन्नती वडा नं २ | १ लाख ५० हजार | विपद व्यवस्थापन |
| ३० | नेपाल पत्रकार महासंघ भवन निर्माण सहयोग | ७ लाख | समपूरक कोष |
| ३१ | बगरे टोल वडा नं २ मुहान मर्मत | १ लाख | विपद् व्यवस्थान |
| ३२ | नमुना सामुदायिक वन कार्यालय भवन मर्मत तथा माछापोखरी निर्माण, वडा नं ९ | २ लाख | समपूरक कोष |
| ३३ | राते खोज्पुर सडक मर्मत,वडा नं २ | १ लाख ७० हजार | समपूरक कोष |

(१७)यस अर्जुनधारा नगरपालिकामा झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकारबाट प्राप्त बजेट बमोजिम झोलुङ्गे पुल निर्माणका लागि नगरपालिकाबाट व्यहोर्नुपर्ने १३ प्रतिशत लागत साझेदारीका लागि समपूरक कोषबाट लागत व्यहोरी सोको कार्यान्वयनका लागि आवश्यक सामाग्री खरिद कार्यालयबाट ठेक्का बन्दोवस्त गरी खरिद प्रक्रिया अघि बढाउने र बाँकी निर्माण सम्बन्धि कार्यका लागि उपभोक्ता समिति गठन गरी कार्य अघि बढाउने निर्णय गरियो ।

(१८) यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०७/३० गतेको निर्णय बमोजिम सहकारी क्षेत्रमा विनियोजित बजेट अन्तर्गत नगर विकास सहकारीका लागि शेयर,प्रशासनिक अनुदान तथा पुँजिगत अनुदानका लागि विनियोजित बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्न सम्बन्धित शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

(१९) चालु आर्थिक वर्ष २०७८/०७९ को लागि नेपाल सरकारबाट समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत विनियोजित बजेट कार्यान्वयनका लागि ठेक्का बन्दोवस्त हुँदा न्यून रकम कबोल भई

बाँकी भएको रकमबाट उपभोक्ता समिति मार्फत सोही स्थानमा आवश्यक अन्य पूर्वाधार निर्माण सम्बन्धि थप कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(२०) अर्जुनधारा नगरपालिका, शनिश्चरे अस्पतालका लागि २ जना मेडिकल अधिकृत पदको सेवा करारमा लिनका लागि कार्यालयबाट दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गरी जनशक्ति छनौट भएकोमा अन्तिम सिफारिसमा परेको उम्मेद्वारले करारका लागि सम्पर्क नगरेको हुनाले पुनः सूचना प्रकाशन गरी सेवा करारका लागि जनशक्ति छनौटको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(२१) अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायीय इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा ४ बमोजिम इजाजतपत्रका लागि तोकिए बमोजिम आवेदन गरेको श्री पाथिभरा हाइड्रो कन्स्ट्रक्सन, अर्जुनधारा-१० लाई प्रचलित कानून बमोजमको कामकारबाही गर्न गरी इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

(२२) अर्जुनधारा नगरपालिका वडा नं १ बिरिङ्ग नदीमा मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत पक्की पुल निर्माणाधिन रहेको, उक्त पुल निर्माणका क्रममा नदीमा थुप्रिएको नदीजन्य पदार्थ बगेर गई वडा नं १ को खानेपानीको मुहान सुक्न गएको भनी स्थानीय उपभोक्ताबाट गुनासो आएको, उक्त समस्या समाधानका लागि बिरिङ्ग खोलामा चेक ड्याम निर्माण गर्न आवश्यक रहेकाले सोका लागि नगरपालिकाबाट डिपिआर समेत तयार गरेकाले सोको चेक ड्याम निर्माणका लागि सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय लगायतका निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

(२३) चालु आर्थिक वर्ष २०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विनियोजित वडास्तरीय बजेट तथा कार्यक्रम सञ्चालन हुन नसक्ने भनी संशोधनका लागि वडा समितिबाट निर्णय सहित सिफारिस भई आए बमोजिम देहाय बमोजिम संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

| वडा नं | साविक योजना | साविक रकम | संशोधित योजना/ कार्यक्रम | संशोधित रकम |
|---|---|---|---|---|
| ४ | पशुपंक्षी च्यापकटर मेसिन खरिद | ४ लाख | रेडक्रश होलीमा प्लम्ब निर्माण | ४ लाख |
| | खेलकुद | २ लाख | दहिझोडा तटबनधन (गत विगतको दायित्व) | ४ लाख |
| | हिउँदे तरकारीको बिउ वितरण | १ लाख ५० हजार | चिलिङ सेण्टर निर्माण | २ लाख ५० हजार |
| | कला साहित्य | १ लाख ५ | | |
| | युवा | २ लाख | | |
| ९ | अदुवा खोला पुलको दुवैतर्फ तारजाली | ९ लाख | चारघरे वालविकास कम्पाउण्ड वाल | ९ लाख |

(२४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) को दफा ११ को उपदफा (२) को खण्ड (ज) मा उल्लेखित आधारभुत र माध्यमिक शिक्षा अन्तर्गत सामुदायिक,संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति र सञ्चालन,व्यवस्थापन र नियमनका लागि स्थानीय तहमा प्राप्त अधिकारको कार्यान्वयनका लागि नगरपालिकाबाट अर्को कानून नबनेसम्म कार्यालयको शिक्षा शाखाबाट आवश्यक व्यवस्था हुन निर्देशन दिने निर्णय गरियो ।